# अनुसूची !

२०४५ फागुन २७ गते *वार्ता*मा प्रकाशित नेपाली काङ्ग्रेसको प्रेस विज्ञप्तिः

*२४ फाल्गुण २०४५*
*कैलाली, धनगढी*

नेपाली आकाशलाई अस्थिरताको काला बादलहरूले ढाक्न थालेका छन् । यस बखत राष्ट्रिय एकताका लागि सबैले सच्चा मनले प्रयत्न गर्नु जरुरी छ । राष्ट्रिय एकता स्थापित गर्न राष्ट्रिय सहमतिको वातावरण प्रथम शर्त हो । राष्ट्रिय सहमतिका लागि उदार प्रजातान्त्रिक मर्यादातर्फ मुलुकलाई अग्रसर गराउनु पर्छ र हामी राष्ट्रिय सहमतिका लागि सबै पक्षबाट इमान्दारिताका साथ प्रयत्न हुनेछ भन्ने विश्वासमा छौँ, हामी जहिले पनि राष्ट्रिय एकताका लागि सहमतिको वातावरण तयार गर्ने पक्षमा छौँ, तर श्री ५ को सरकारले फाल्गुण २३ गते मलाई कञ्चनपुरमा प्रवेश गर्न रोक लगाएर मेरो वैयक्तिक अधिकारको हनन मात्रै गरेको होइन कि परिस्थितिलाई उत्तेजक बनाउने काम पनि गरेको छ । श्री ५ को सरकारको यस प्रकारको क्रियाकलाप मुलुकलाई अराजकता र अस्थिरतातर्फ धकेल्न मद्दतगार हुने छ । तसर्थ श्री ५ को सरकारको यो कार्य राष्ट्रहितविरुद्ध भएकाले निन्दनीय छ र म सबैलाई सचेत गर्न चाहन्छु कि राष्ट्रको भाग्य र भविष्यमाथि कसैबाट पनि खेलवाड नहोस्, साथै श्री ५ को सरकारलाई म यो पनि स्मरण गराउन चाहन्छु कि अधिकारबाट वञ्चित जनता सधैँ मूकदर्शक भई हात बाँधेर बस्ने छैनन् ।

मलाई प्राप्त खबरअनुसार कञ्चनपुरमा उत्तेजनाको स्थिति कहीँ कतै छैन । तर प्रशासन भने पञ्चहरूलाई सधैँ जनतालाई तर्साउने हतियारका रूपमा प्रयोग गर्ने गर्दछ । प्रशासनले कृत्रिम कुरा गरी मलाई मेरो वैयक्तिक अधिकारबाट वञ्चित गरेको छ । पञ्चहरूले पनि बुझ्ने बेला आएको छ कि उनीहरू प्रशासनको हतियार नभई एउटा राजनीतिक पक्षका रूपमा उभियून् ।

गिरिजाप्रसाद कोइराला
महामन्त्री
प्र. नेपाली काङ्ग्रेस